दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

पाठेघरको मुखको क्यान्सरका लक्षण

-अनियमित वा महिनावारी रोकिएपछि पनि रक्तस्राप हुनु ।
- योनीबाट बढी मात्रामा सेतो पानी बग्नु ।
- शारीरिक सम्बन्धको समयमा दुखाई हुनु ।
- तल्लो पेट, ढाड वा कम्मर दुख्नु ।
- पिसाब गर्दा दुख्नु वा रगत देखिनु ।
- शरीर कमजोर हुनु ।

**यस्ता लक्षण देखिएमा स्वास्थ्य संस्थामा परीक्षण गराऔं ।**

नेपाल सरकार विज्ञापन बोर्ड

वर्ष ३८ | अंक ९१ | बुटवल | २०८२ चैत १७ गते, मंगलबार | नेपाल संवत ११४६ | Tuesday March 31, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## ओली–लेखक पक्राउबारे कारण देखाउ आदेश जारी



बुटवल । सर्वोच्च अदालतले गैरकानुनी थुनामा परेको दाबी गरिएका पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र तत्कालीन गृहमन्त्री रमेश लेखकको हकमा एउटै बेहोराको 'कारण देखाउ आदेश' जारी गरेको छ ।

न्यायाधीश मेघराज पोखरेल र कुमार रेग्मीको छुट्टाछुट्टै इजलासले जारी गरेको कारण देखाउ आदेशले जोड दिएको विषय र माग गरेका फाइल मिल्दोजुल्दो छन् ।

आदेश अनुसार, सर्वोच्च अदालत प्रशासनले अब दुईवटै निवेदन एकसाथमा सुनुवाइ गर्नुपर्नेछ ।

न्यायाधीश मेघराज पोखरेलको इजलासले ओलीलाई जरुरी पुर्जी नै जारी गरेर पक्राउ गर्नुपर्ने अवस्था थियो कि थिएन भनी प्रश्न उठाएको हो ।

आदेशमा भनिएको छ-'निवेदकलाई जरूरी पक्राउपूर्जी जारी गर्नुपर्ने उल्लिखित दफाको पूर्वावस्था रहे/नरहेको के हो ? जवाफ आउने गरी लिखितजवाफ पेस गर्न लगाउनू ।'

न्यायाधीश पोखरेलले पूर्वगृहमन्त्रीको निवेदनमा अर्का न्यायाधीश कुमार रेग्मीले दिएको आदेशमा झैं कार्की आयोगको प्रतिवेदन पेश गर्नू र इजलासमा देखाएर लैजानू भनेका छन् ।

अनि उस्तै प्रकृतिको विषयवस्तुमा पूर्वगृहमन्त्री रमेश लेखक पक्राउ परेको र त्यो विरुद्धको निवेदन समेत रहेको भन्दै सर्वोच्च अदालतले दुवैलाई एकसाथ पेश गर्न आदेश दिएको हो ।

## विद्यालयहरूलाई तिलोत्तमा नपाको ८ बुँदे निर्देशन



बुटवल । तिलोत्तमा नगरपालिकाले नगरभित्रका विद्यालयहरुलाई विभिन्न विषयमा कडा निर्देशन जारी गरेको छ ।

नगर प्रमुख खाँणले सार्वजनिक सूचना जारी गर्दै नगरपालिकाअन्तर्गतका कतिपय विद्यालयहरूमा नयाँ शैक्षिक सत्र सुरु नहुँदै विद्यार्थी भर्ना गर्ने, पाठ्यक्रम विकास केन्द्रवाट स्वीकृत नभएका पाठ्यपुस्तकहरू तथा यप पाठ्यसामग्रीहरू प्रयोग गर्ने, विद्यालयभित्रबाटै पाठ्यपुस्तक, थप पाठ्यसामग्री तथा विद्यालय पोसाक खरिद गर्न विद्यार्थी तथा अभिभावकलाई बाध्य गराउने सूचना र गुनासोहरू आएकाले त्यसो नगर्न चेतावनी दिएका छन् । शिक्षा ऐन २०२८, शिक्षा नियमावली २०५९ (संशोधन सहित) र तिलोत्तमा नगरपालिकाको शिक्षा नियमावली २०७४ (संशोधन सहित) ले गरेका कानुनी प्रावधानहरू विद्यालयहरूले पूर्णरूपमा पालना गर्न गराउन सूचना जारी गरिएको नगर प्रमुख खाँणले बताए । यदि कसैले नगरपालिकाको निर्देशन उल्लंघन गरेको पाइएमा प्रचलित शिक्षा ऐन तथा नियमावली बमोजिम कारबाही हुने चेतावनी दिइएको छ ।

शैक्षिक सत्र २०८३ सुरु भएपश्चात् मात्र विद्यालयमा विद्यार्थी भर्ना गर्ने/गराउने, सरकारबाट स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक मात्र लागू गर्ने, पाठ्यक्रम विकास केन्द्रको स्वीकृति विना थप पाठ्यपुस्तक तथा पाठ्यसामग्री प्रयोग नगर्न नगरप्रमुखले जारी गरेको सूचनामा उल्लेख छ ।

यस्तै राष्ट्रियताप्रति आँच आउने सामग्री भएको पाठ्यपुस्तक विद्यालयमा अध्यापन नगराउने, कुनै पनि विद्यालयले विद्यालयबाट पाठ्यपुस्तक खरिद गर्न विद्यार्थीलाई बाध्य नबनाउन, विद्यार्थीका लागि एकै किसिमको, कम खर्चिलो, साधारण, राष्ट्रियता झल्काउने वा हावापानी सुहाँउदो पोसाक तोकेर लागू गर्न, विद्यालयले विद्यालयबाटै पोसाक लिन विद्यार्थीलाई बाध्य नगराउन र सामुदायिक विद्यालयले विद्यार्थी भर्नासँगै निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराउने सुनिश्चितता गर्न नगर प्रमुख खाँणले निर्देशन दिएका छन् ।

मन्त्रिपरिषद् बैठक :

# संविधान संशोधन गर्न कार्यदल गठन गर्ने निर्णय



**लुम्बिनी संवाददाता**
*बुटवल*

सरकारले संविधान संशोधन बहसपत्र तयार पार्नका लागि कार्यदल गठन गर्ने निर्णय गरेको छ ।

सोमबार बसेको मन्त्रिपरिषद् बैठकले संसदमा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरूको प्रतिनिधित्व रहनेगरी कार्यदल गठन गर्ने निर्णय गरेको हो ।

'संविधान संशोधन बहसपत्र तयार गर्न प्रधानमन्त्रीका राजनीतिक सल्लाहकारको अध्यक्षतामा संसदमा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरूको प्रतिनिधित्व रहनेगरी कार्यदल गठन गर्ने,' मन्त्रिपरिषद् बैठकका निर्णय सुनाउँदै सरकारका प्रवक्ता एवं शिक्षामन्त्री सस्मित पोखरेलले जानकारी दिए ।

उनका अनुसार, राष्ट्रिय सहमतिमा संविधान संशोधनका लागि बहसपत्र तयार हुनेछ ।

सोमबार बसेको मन्त्रिपरिषद् बैठकमासहकारी पीडितको रकम फिर्ता गर्ने विषयबारे छलफल भएको छ ।

यसबारे छलफल भएको तर कुनै निर्णय नभएको सरकारका प्रवक्तासमेत रहेका शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलले बताए ।

उनका अनुसार १ लाखभन्दा कम वाचा भएकालाई प्राथमितामा राखेर कसरी भुक्तानी गर्ने भनेर छलफल भएको हो ।

'यो विषय वाचापत्रमा पनि छ ।संवेधनशील छौं ।'- उनले भने ।

सरकारले सहकारीका साना बचतकर्ताहरूको बचत फिर्ताको प्रक्रिया १०० दिनभित्रै सुरु गर्ने घोषणा गरेको थियो ।

साना तथा लघु उत्तमीहरुको सहकारीमा ठूलो रकम फसेको छ । जसले गर्दा अर्थतन्त्रको चक्र नै प्रभावित भएका बेला राष्ट्रिय स्वतन्त्र पार्टीको वाचापत्र अनुसार नै सो घोषणा १ सय बुँदे कार्यसूचीमा समेटेको हो ।

सरकारले सहकारीका साना बचतकर्ताहरूको बचत फिर्ताको प्रक्रिया १०० दिनभित्रै सुरु गर्ने आफ्नो कार्यसूचीमा पनि उल्लेख गरेको थियो ।

साना तथा लघु उत्तमीहरुको सहकारीमा ठूलो रकम फसेको छ । जसले गर्दा अर्थतन्त्रको चक्र नै प्रभावित भएका बेला सरकारले रास्वपाको वाचापत्र अनुसार नै उक्त विषय कार्यसूचीमा समेटिएको बताएको हो ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री सस्मित पोखरेलले एसईईपछिको ब्रिज कोर्स मात्र हटाउने निर्णय भएको बताएका छन् ।

आइतबार मन्त्रीस्तरीय निर्णय गर्दै तयारी कक्षा र ब्रिज कोर्स हटाउने निर्णय गरेका थिए । तर विवाद भएपछि उक्त सूचना मन्त्रालयबाट पनि हटाइएको थियो ।

'एसईईलाई प्राथमिकतामा राखेर गरेको हो । एसईईको जाँचले मानसिक असर परेको हुन्छ,' मन्त्री पोखरेलले भने-'रिजल्ट आउन पनि समय लाग्ने । रिजल्ट निकाल्ने समयसमेत घटाएको छ । ११ को भर्नाको लागि ब्रिज कोर्समा तानातान हुन्छ । १० कक्षा सकिएपछिको रोक्ने हो ।'

१० कक्षा भन्दा माथिको तयारी कक्षा भने सञ्चालन गर्न पाउने उनको भनाइ छ ।

'एमबीबीएस, इञ्जिनियरिङ पढ्नेको कानुन बमोजिम गर्नेगरी हुन्छ । तत्कालको लागि एसईईपछिको रोकिने हो ।'- उनले भने ।

## लुम्बिनी प्रदेशमा तथ्याङ्क व्यवस्थापन सूचना प्रणाली सुरु



दाङ । लुम्बिनी प्रदेश सरकारलाई प्रदेश तथ्याङ्क व्यवस्थापन सूचना प्रणाली हस्तान्तरण गरिएको छ । प्रदेश योजना आयोगको तर्फबाट मुख्यमन्त्री चेतनारायण आचार्यलाई उक्त प्रणाली हस्तान्तरण गरिएको हो । एक कार्यक्रमबिच मुख्यमन्त्री आचार्यले सो सूचना प्रणालीको सोमबार शुभारम्भ गरेका छन् ।

मुख्यमन्त्री आचार्यले तथ्यांकमा आधारित नीति निर्माण र निर्णय प्रक्रियालाई प्रभावकारी बनाउन तथ्यांक व्यवस्थापन सूचना प्रणालीले महत्वपूर्ण योगदान पुऱ्याउने बताए । तीन तहका सरकारले सम्पादन गरेका कामबारे सरकारी निकाय र नागरिक सुसूचित हुन पाउनुपर्ने मान्यताका आधारमा प्रदेश सरकारले पारदर्शिता अभिवृद्धि गर्न विभिन्न उपाय अपनाइरहेको उनले उल्लेख गरे । प्रदेशका लागि तथ्यांक व्यवस्थापन प्रणाली महत्वपूर्ण पूँजी भएको भन्दै उनले तीनै तहका सरकारका तथ्यांक र सूचना तथा विवरण यस प्रणालीमा समेटिने र प्रदेशका १०९ पालिकालाई यसमा जोडिने जानकारी दिए ।

मुख्यमन्त्री आचार्यले प्रणालीको नियमित अद्यावधिक र सञ्चालनका लागि प्रदेश सूचना प्रविधि प्रतिष्ठानलाई जिम्मेवारी दिइएको बताए ।

प्रदेश योजना आयोगका उपाध्यक्ष डा. डिल्लीराज अर्यालले सुशासन प्रवर्द्धन, प्रभावकारी सेवा प्रवाह र जवाफदेहितालाई केन्द्रमा राखेर प्रणाली निर्माण गरिएको जनाए । तथ्यमा आधारित योजना निर्माण, आवधिक योजनाको कार्यान्वयन तथा नियमित अनुगमनलाई यस प्रणालीमार्फत् सुदृढ बनाइने उनले स्पष्ट पारे । प्रणालीमा प्रदेश स्थापना भएदेखि हालसम्मका कार्यसम्पादन र उपलब्धिहरूको तथ्यांकगत विश्लेषण समेत समेटिएको उनले बताए ।

प्रणालीमा कुल १ हजार १ सय ९६ तथ्यांक चरहरू समेटेर ३४ वटा क्षेत्र विकास गरिएको छ । यसका अतिरिक्त ४२ चरहरू समावेश गरिएको छुट्टै राष्ट्रियस्तरको तथ्यांक सेट पनि तयार गरिएको छ । ड्यासबोर्डमार्फत् सहज र स्पष्ट रूपमा जानकारी प्रस्तुत गर्न १ सय ६४ सूचकहरू विकास गरिएको छ ।

बेलायतको अन्तर्राष्ट्रिय विकास सहयोग, द एसिया फाउन्डेसन र सेवा प्रतिष्ठान नेपालको सहकार्यमा प्रदेश योजना आयोगले उक्त प्रणाली तयार पारेको हो । कार्यक्रममा प्रमुख सचिव कृष्णप्रसाद काप्रीले स्मार्ट गभर्नेसको अवधारणाअनुसार प्रणाली विकास गरिएको जानकारी दिए ।

कार्यक्रममा द एसिया फाउन्डेसनका प्रभाव निर्देशक क्वारोलिन ओ डोनेल र डाइरेक्टर प्रणय स्थापितले प्रणालीसम्बन्धी जानकारी गराएका थिए । नागरिक केन्द्रित तथ्यांक, सार्वजनिक तथ्यांकमा सहज पहुँच र तथ्यांकलाई मानव जीवनसँग जोड्ने उद्देश्यले प्रणाली विकास गरिएको र यसमा प्रदेश स्थापना यता भएका कार्यसम्पादन, विषयगत विवरण, दोस्रो आवधिक योजनाका लक्ष्य, तथ्यांक भण्डारण तथा मूल्यांकनका पक्षहरू समेटिएका प्रदेश योजना आयोगका सचिव खिबहादुर कुँवरले बताए ।



## सम्पादकीय

# स्वास्थ्य बिमाप्रति किन बेवास्ता ?

सरकारले शासकीय सुधारका एक सय बुँदा सार्वजनिक गर्दा स्वास्थ्य बिमा कार्यक्रम नदेखिनु दुःखद छ। स्वास्थ्य बिमा कार्यक्रमले आम नागरिकको स्वास्थ्य पहुँच विस्तार गर्न सघाउ पुर्‍याएको, तर अहिले संकटमा परेको विषयप्रति बेवास्ता गरेर सरकारले गर्न खोजेको के हो भन्ने प्रष्ट भएन् ।

स्वास्थ्य बिमा लागु गर्न अनिवार्य छ । तर यथावस्थामा यो लागु हुन सक्तैन् । सुधारसहित सञ्चालन र व्यवस्थापन हुनुपर्ने माग बढिरहेका बेला सरकारको धारणा सार्वजनिक नहुनुले सशंय उत्पन्न भएको छ । स्वास्थ्यमा सर्वव्यापी पहुँच पुर्‍याउन सबैभन्दा महत्वपूर्ण रणनीति स्वास्थ्य बिमा बाहेक अरु हुँदैन । नयाँ सरकारले ल्याएको एक सय कार्यसूचीमा स्वास्थ्यसम्बन्धी ८५ नम्बरको बुँदा पढ्दा संघीय सरकारले स्वास्थ्य बिमा एवं डायलाइसिस, मुटु तथा क्यान्सरलगायत कडारोगको उपचारमा सहुलियत हटाएर १० प्रतिशत निःशुल्क शैया उल्लेख गरिएको छ ।

अहिले जेष्ठ नागरिकलाई दिने सामाजिक सुरक्षा भत्ताले उनीहरुको जीवनयापनमा धेरै सुधार ल्याएको छ । झट्ट हेर्दा सामाजिक सुरक्षा भत्तालाई सामान्यीकरण गर्न सकिएला, तर यसले पारेको सामाजिक प्रभाव गहिरो छ। त्यसैगरी, स्वास्थ्य बिमा कार्यक्रमले पनि गरिबको घरदैलोमा स्वास्थ्य उपचारको पहुँच पुर्‍याएको छ । अस्पताल नै पुग्न नसक्नेहरु अहिले अस्पतालमा उपचार गराउन पाएका छन् । अब यो बिमा कार्यक्रम बन्द गर्दा गरिब र विपन्न नागरिक अस्पताल पुग्नबाट वञ्चित हुन्छन् । संविधानले आधारभूत स्वास्थ्य उपचारको हकको ग्यारेन्टी गरेकाले संवैधानिक मर्मलाई पूरा गर्न सरकारले ध्यान दिनुपर्छ ।

१० वर्षअघि सुरु भएको स्वास्थ्य बिमा कार्यक्रम सरकारले चलाउन नसक्दा सेवा प्रदायक संस्थाहरूलाई तिर्नुपर्ने रकम बढ्दै गएको छ । बोर्डले अस्पतालहरूलाई १४ अर्ब रकम भुक्तानी गर्न बाँकी छ । बोर्डका अनुसार मासिक २ अर्ब रकम खर्च हुँदै आएको छ । रकम भुक्तानी नभएपछि त्रिवि शिक्षण अस्पतालले माघ महिनादेखि बिमा कार्यक्रम रोकेको छ । यथास्थितिमा बिमा चल्न सक्दैन । स्पष्ट नीतिगत निर्णय चाहिन्छ । सामाजिक सुरक्षा कार्यक्रमलाई प्याकेजमा राखेर स्वास्थ्य बिमा कार्यक्रमलाई अघि बढाउन सकिन्छ । सरकारले अहिले देखिएका समस्याको समाधान गर्न छिटो पहलकदमी लिनुपर्छ । विभिन्न अस्पतालहरुले बिमा कार्यक्रमअन्तर्गत उपचार बन्द गरिसकेकाले उनीहरुलाई उपचार यथावत राख्न निर्देशन दिँदै आगामी दिनमा अझै प्रभावकारी रुपमा सञ्चालन गर्न सरकारले पहलकदमी लिनुपर्छ ।

# रास्वपा नेतृत्वको नयाँ सरकार र नेपालको शिक्षामा रूपान्तरण: नीतिगत विश्लेषण



डा. तारानाथ भट्टराई

**परिचय**

नेपालमा राष्ट्रिय स्वतन्त्र पार्टीको नेतृत्वमा नयाँ सरकार गठन हुनु केवल एक राजनीतिक परिवर्तन मात्र नभई शासन प्रणाली, नीतिगत सोंच र सार्वजनिक सेवा प्रवाहमा नयाँ दृष्टिकोणको आरम्भको रूपमा हेरिएको छ । परम्परागत राजनीतिक अभ्यासप्रति जनस्तरमा बढ्दो असन्तुष्टि र परिवर्तनको चाहनाबीच उदाएको रास्वपाले सुशासन, पारदर्शिता, दक्षता, उत्तरदायित्व र परिणाममुखी व्यवस्थापनलाई आफ्नो प्रमुख एजेन्डाका रूपमा अघि सारेको छ। यही कारणले यसको नेतृत्वमा बनेको सरकारप्रति नागरिकहरूको अपेक्षा पनि उच्च रहेको देखिन्छ।

विशेषगरी शिक्षा क्षेत्र, जुन कुनै पनि राष्ट्रको दीर्घकालीन विकासको आधार हो, यस नयाँ राजनीतिक परिवेशमा शिक्षा पुनः गम्भीर बहसको केन्द्रमा आएको छ। नेपालको शिक्षा प्रणाली लामो समयदेखि नीतिगत अस्पष्टता, कार्यान्वयनको कमजोरी, सान्दर्भिकताको अभाव र गुणस्तरसम्बन्धी चुनौतीहरूबाट प्रभावित रहँदै आएको छ । यस्ता समस्याहरूको समाधानका लागि केवल सामान्य सुधार नभई संरचनात्मक र दृष्टिकोणगत परिवर्तन आवश्यक छ, जुन रास्वपाको नीतिगत दर्शनसँग मेल खाने देखिन्छ । नयाँ शिक्षा मन्त्रीको नियुक्तिसँगै शिक्षा प्रणालीका विभिन्न आयामहरू जस्तै शिक्षाको प्रकार, राष्ट्रिय लक्ष्य, पाठ्यक्रम, शिक्षण विधि, परीक्षा तथा मूल्याङ्कन प्रणाली, शिक्षा नीतिको प्राथमिकता, जनशक्ति विकास तथा व्यवस्थापन, निजीकरणको भूमिका तथा समग्र शैक्षिक शासन सबैलाई रास्वपाको राजनीतिक तथा शैक्षिक एजेन्डासँग जोडेर पुनर्विचार गर्ने आवश्यकता अझ स्पष्ट रूपमा महसुस गरिएको छ।

यस सन्दर्भमा, शिक्षा प्रणालीलाई केवल ज्ञान हस्तान्तरणको माध्यमका रूपमा नभई सामाजिक रूपान्तरण, आर्थिक समृद्धि र नागरिक सशक्तीकरणको साधनका रूपमा पुनःपरिभाषित गर्ने आवश्यकता देखिएको छ। रास्वपाले अघि सारेको नवप्रवर्तन र परिणाममुखी दृष्टिकोणले शिक्षा प्रणालीलाई वैज्ञानिक, सान्दर्भिक, व्यवहारिक र भविष्यउन्मुख बनाउने सम्भावना बोकेको छ।

यस लेखको उद्देश्य शिक्षा प्रणालीका प्रमुख आयामहरूलाई राष्ट्रिय स्वतन्त्र पार्टीको नीतिगत दृष्टिकोणसँग समन्वय गर्दै विश्लेषण गर्नु र सम्भावित सुधारका दिशाहरूलाई प्रस्ट पार्नु हो । यसले शिक्षा क्षेत्रको वर्तमान अवस्था र भविष्यको रूपान्तरणबीचको सम्बन्धलाई स्पष्ट पार्दै नीतिगत बहसलाई थप सुदृढ बनाउन योगदान पुर्‍याउने अपेक्षा गरिएको छ।

**१. शिक्षाको राष्ट्रिय लक्ष्यः परिणाममुखी र उत्तरदायी नागरिक निर्माणतर्फ**

नेपालको शिक्षा प्रणाली लामो समयसम्म प्रमाणपत्रमुखी र सैद्धान्तिक ज्ञानमा आधारित रहँदै आएको छ । यसले शिक्षित जनशक्ति उत्पादन गरे पनि उनीहरूलाई उत्पादनशील र उत्तरदायी नागरिकको रूपमा रूपान्तरण गर्न अपेक्षित सफलता हासिल गर्न सकेको छैन । राष्ट्रिय स्वतन्त्र पार्टीको परिणाममुखी शासन अवधारणाले शिक्षाको राष्ट्रिय लक्ष्यलाई पुनःपरिभाषित गर्ने सम्भावना बलियो बनाएको छ। अब शिक्षा केवल ज्ञान हस्तान्तरणको माध्यम नभई समाज रूपान्तरणको साधन बन्ने अपेक्षा गरिएको छ । यस सन्दर्भमा शिक्षाको लक्ष्यलाई समग्र मानव विकास, स्थानीय स्रोतमा आधारित, लोकतान्त्रिक मूल्यहरूको संरक्षण, सामाजिक न्यायको प्रवर्द्धन तथा आर्थिक उत्पादनसँग जोड्न सकिन्छ । यसले विद्यार्थीलाई केवल रोजगारी खोज्ने होइन, रोजगारी सिर्जना गर्ने, सामाजिक उत्तरदायित्व निर्वाह गर्ने र नवप्रवर्तनमा सक्रिय भूमिका खेल्ने नागरिकको रूपमा विकास गर्ने दिशातर्फ उन्मुख गराउँछ।

**२. शिक्षाको प्रकारः सैद्धान्तिक, प्राविधिक र उद्यमशीलतामूलक समायोजन**

नेपालमा सैद्धान्तिक शिक्षाको वर्चस्वका कारण प्राविधिक तथा व्यावसायिक शिक्षाले अपेक्षित स्थान पाउन सकेको छैन । यसले श्रम बजारमा सीपयुक्त जनशक्तिको अभाव सिर्जना गरेको छ, जसका कारण युवाहरू वैदेशिक रोजगारीतर्फ आकर्षित भएका छन् । रास्वपाको दक्षता र व्यावहारिकतामा आधारित नीतिगत दृष्टिकोणले शिक्षाको प्रकारमा संरचनात्मक परिवर्तन ल्याउने संकेत गर्दछ। विद्यालय तहदेखि नै सीपमूलक शिक्षाको समावेश, स्थानीय स्रोतमा आधारित शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार र उद्योग-शिक्षा सहकार्यलाई सुदृढ गर्ने प्रयास हुन सक्छ । यसका साथै उद्यमशीलता विकासलाई शिक्षा प्रणालीसँग जोड्दै विद्यार्थीलाई स्वरोजगारमुखी बनाउने लक्ष्य पनि राख्न सकिन्छ । यसले शिक्षा र अर्थतन्त्रबीच प्रत्यक्ष सम्बन्ध स्थापित गर्नेछ।

**३. पाठ्यक्रमः सान्दर्भिकता, नवप्रवर्तन र जीवनोपयोगितातर्फ रूपान्तरण**

पाठ्यक्रम शिक्षा प्रणालीको केन्द्रीय तत्व हो । हालको पाठ्यक्रमलाई धेरैले समयसापेक्ष नभएको, जीवनोपयोगी नदेखिएको र अत्यधिक परीक्षा केन्द्रित भएको आलोचना गरेका छन् । रास्वपाको नवप्रवर्तनमुखी दृष्टिकोणले पाठ्यक्रमलाई सान्दर्भिक, लचकदार र जीवनोपयोगी बनाउने अपेक्षा गरिएको छ। यसमा स्थानीय ज्ञान, स्थानीय स्रोत, सांस्कृतिक विविधता, डिजिटल साक्षरता, आलोचनात्मक सोंच र समस्या समाधान क्षमताको समावेशले पाठ्यक्रमलाई अधिक प्रभावकारी बनाउन सक्छ । अन्तर्विषयगत दृष्टिकोण अपनाउँदै विभिन्न विषयहरूबीच समन्वय कायम गर्दा विद्यार्थीले समग्र रूपमा ज्ञानको उपयोग गर्न सक्ने क्षमता विकास गर्न सक्छन् ।

**४. शिक्षण विधिः निर्माणवादी, प्रविधिमैत्री र विद्यार्थीकेन्द्रित रूपान्तरण**

नेपालको शिक्षण प्रणाली अझै पनि शिक्षक - केन्द्रित र व्याख्यानमा आधारित पद्धतिमा निर्भर छ। यसले विद्यार्थीको सिर्जनात्मकता र सक्रिय सहभागितालाई सीमित बनाएको छ । राष्ट्रिय स्वतन्त्र पार्टीको प्रविधिमैत्री र नवप्रवर्तनमुखी दृष्टिकोणले शिक्षण विधिमा परिवर्तन ल्याउने सम्भावना देखिन्छ । निर्माणवादी शिक्षण पद्धति, समस्या समाधानमा आधारित सिकाइ, सहकार्यात्मक सिकाइ र आइसीटीको प्रयोगलाई प्रोत्साहन गरिने अपेक्षा गरिएको छ। यस प्रक्रियामा शिक्षकको भूमिका पनि परिवर्तन भई उनीहरू ज्ञानदाताबाट सिकाइ सहजीकरण गर्ने मार्गदर्शकको रूपमा रूपान्तरण हुनुपर्ने देखिन्छ।

**५. परीक्षा तथा मूल्याङ्कन प्रणालीः निर्माणात्मक मूल्याङ्कनतर्फ रूपान्तरण**

नेपालको वर्तमान परीक्षा प्रणाली अझै पनि कागज-कलममा आधारित मूल्याङ्कनमा अत्यधिक निर्भर रहेको देखिन्छ, जहाँ वर्षको अन्त्यमा लिइने एकपटकको लिखित परीक्षाले नै विद्यार्थीको समग्र क्षमता निर्धारण गर्ने चलन प्रबल छ । जसका कारण विद्यार्थीले अवधारणात्मक बुझाइ, सिर्जनात्मकता, समस्या समाधान क्षमता र व्यवहारिक सीपहरू विकास गर्न पर्याप्त अवसर पाउँदैनन् ।

रास्वपाको पारदर्शिता र उत्तरदायित्वको एजेन्डाले मूल्याङ्कन प्रणालीमा सुधार ल्याउने सम्भावना देखिन्छ। निरन्तर मूल्याङ्कन प्रणाली, परियोजनामूलक कार्य, व्यवहार र सीपमा आधारित परीक्षण तथा परीक्षा प्रक्रियाको विकेन्द्रीकरणले शिक्षा प्रणालीलाई अधिक न्यायोचित र प्रभावकारी बनाउन सक्छ । यसले सिकाइलाई केवल परिणाम होइन, प्रक्रियामा केन्द्रित बनाउँछ जसले सिकाइ प्रक्रियाको प्रत्येक चरणमा विद्यार्थीको प्रगति, कमजोरी र सम्भावनालाई पहिचान गर्न सहयोग पुर्‍याउँछ । कक्षा सहभागिता, परियोजना कार्य, प्रस्तुतीकरण, व्यवहार अवलोकन, सहकार्यात्मक गतिविधि तथा निरन्तर प्रतिक्रियामार्फत् गरिने मूल्याङ्कनले विद्यार्थीलाई आत्ममूल्याङ्कन र सुधारतर्फ प्रेरित गर्छ । यसले सिकाइलाई परीक्षा केन्द्रित नभई सिकाइ प्रक्रियामै केन्द्रित बनाउँदै ज्ञानको गहिरो बुझाइ र दीर्घकालीन प्रयोगशीलता सुनिश्चित गर्न मद्दत गर्छ। यसरी निर्माणात्मक मूल्याङ्कनतर्फको रूपान्तरणले नेपालको शिक्षा प्रणालीलाई वास्तवमै क्षमतामूलक, विद्यार्थीमैत्री र जीवनोपयोगी बनाउन सक्ने अपेक्षा गर्न सकिन्छ।

**६. शिक्षा नीतिको प्राथमिकताः समानता, गुणस्तर र उपयोगिताबीच सन्तुलन**

शिक्षा क्षेत्रमा सधैं देखिने चुनौती भनेको प्राथमिकता निर्धारण हो । नेपालमा अझै पनि दुर्गम क्षेत्र, महिला, दलित तथा सीमान्तकृत समुदायहरू शिक्षाबाट पूर्णरूपमा लाभान्वित हुन सकेका छैनन् । रास्वपाको समावेशी र उत्तरदायी शासन दृष्टिकोणले शिक्षा क्षेत्रमा समानता सुनिश्चित गर्न विशेष ध्यान दिने अपेक्षा गरिएको छ । साथै, शिक्षाको गुणस्तर सुधार र श्रम बजारसँग यसको सम्बन्ध सुदृढ गर्दै शिक्षालाई व्यवहारिक र उपयोगी बनाउने प्रयास हुन सक्छ। यसले शिक्षा प्रणालीलाई समावेशी, गुणस्तरीय र रोजगारमुखी बनाउनेछ।

**७. जनशक्ति विकास तथा व्यवस्थापनः मेरिटोक्रेसी र पेशागत उत्तरदायित्व**

शिक्षा क्षेत्रमा जनशक्ति व्यवस्थापन लामो समयदेखि विवाद र चुनौतीको विषय रहँदै आएको छ। शिक्षक नियुक्तिमा राजनीतिक हस्तक्षेप, तालिमको अप्रभावकारिता र असन्तुलित वितरण प्रमुख समस्याका रूपमा देखिएका छन् । राष्ट्रिय स्वतन्त्र पार्टीको मेरिटोक्रेसी र पारदर्शितामा आधारित नीतिले शिक्षक व्यवस्थापनमा सुधार ल्याउने अपेक्षा गरिएको छ । योग्यता र प्रतिस्पर्धामा आधारित नियुक्ति, निरन्तर पेशागत विकास, कार्यसम्पादन मूल्याङ्कन र प्रोत्साहन प्रणालीले शिक्षकको पेशागत दक्षता र उत्तरदायित्व दुवै वृद्धि गर्न सक्छ। यसले समग्र शिक्षा प्रणालीको गुणस्तर वृद्धिमा प्रत्यक्ष प्रभाव पार्ने देखिन्छ।

**८. निजीकरण र सार्वजनिक-निजी सम्बन्धः सन्तुलित नियमनको आवश्यकता**

रास्वपाको सन्तुलित नीतिगत दृष्टिकोणले निजी क्षेत्रको भूमिकालाई स्वीकार गर्दै त्यसमा पारदर्शिता र उत्तरदायित्व सुनिश्चित गर्ने प्रयास गर्न सक्छ । सार्वजनिक विद्यालयहरूको सुदृढीकरण, निजी विद्यालयहरूको नियमन र सार्वजनिक-निजी साझेदारीको विकासले शिक्षा प्रणालीलाई समावेशी र सन्तुलित बनाउन सहयोग पुर्‍याउनेछ । यसले शिक्षा क्षेत्रमा समान अवसर सुनिश्चित गर्न महत्वपूर्ण भूमिका खेल्ने कुरामा अपेक्षा गर्न सकिन्छ।

**९. सुशासन, पारदर्शिता र कार्यान्वयनः नीतिदेखि व्यवहारसम्मको रूपान्तरण**

रास्वपाको प्रमुख पहिचान सुशासन हो, जसको प्रत्यक्ष प्रभाव शिक्षा क्षेत्रमा पनि देखिने अपेक्षा गरिएको छ। नेपालमा धेरै राम्रा नीतिहरू तर्जुमा भए पनि तिनको प्रभावकारी कार्यान्वयनमा कमजोरी देखिएको छ । यस सन्दर्भमा पारदर्शी निर्णय प्रक्रिया, विकेन्द्रीकरण, स्थानीय तहको सशक्तीकरण, प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणाली र डाटा आधारित निर्णय प्रक्रियाले शिक्षा प्रणालीलाई सुदृढ बनाउन सक्छ। नीति निर्माणदेखि कार्यान्वयनसम्मको सम्पूर्ण प्रक्रियामा उत्तरदायित्व सुनिश्चित गरिएमा मात्र शिक्षा क्षेत्रमा वास्तविक परिवर्तन सम्भव हुनेछ।

**१०. समग्र परिप्रेक्ष्यः रूपान्तरणको अवसर, स्थायित्वको आवश्यकता र यथार्थवादी चुनौतीहरू**

नेपालमा राष्ट्रिय स्वतन्त्र पार्टी नेतृत्वको नयाँ सरकारले शिक्षा क्षेत्रमा ऐतिहासिक रूपान्तरणको सम्भावना सिर्जना गरेको छ। तथापि, यस्तो रूपान्तरण केवल नीतिगत घोषणा वा प्रारम्भिक उत्साहमा सीमित रहन सक्ने जोखिम पनि उत्तिकै छ, यदि त्यसलाई दीर्घकालीन, संस्थागत र स्थिर ढाँचामा रूपान्तरण गर्न सकिएन भने यस सन्दर्भमा सबैभन्दा पहिलो र आधारभूत आवश्यकता राजनीतिक स्थायित्वको हो । नेपालमा बारम्बार सरकार परिवर्तन, नीतिगत अस्थिरता र कार्यक्रमहरूको निरन्तरता अभावले शिक्षा सुधारका प्रयासहरूलाई कमजोर बनाउँदै आएको इतिहास छ। त्यसैले, शिक्षा जस्तो दीर्घकालीन प्रतिफल दिने क्षेत्रमा स्थिर, निरन्तर र प्रतिबद्ध राजनीतिक वातावरण अनिवार्य हुन्छ।

यससँगै, शिक्षा सुधारको मेरुदण्डका रूपमा रहने शिक्षकहरूको पेशागत विकास उच्च प्राथमिकता दिनुपर्ने आवश्यकता स्पष्ट देखिन्छ । अबको सन्दर्भमा निरन्तर पेशागत विकास, अनुसन्धानमा आधारित शिक्षण अभ्यास, प्रविधिमैत्री क्षमता विकास र विषयगत दक्षता अभिवृद्धि अपरिहार्य देखिन्छ।

यदि शिक्षकलाई सम्मानजनक वातावरण, पर्याप्त पारिश्रमिक, पेशागत सुरक्षा र निर्णय प्रक्रियामा सहभागिता प्रदान गर्न सकियो भने मात्र उनीहरूबाट उच्चस्तरीय प्रतिबद्धता र गुणस्तरीय शिक्षण अपेक्षा गर्न सकिन्छ। रास्वपाको सुशासन र मेरिटोक्रेसीमा आधारित दृष्टिकोणले शिक्षक पेशालाई अझ सम्मानित र आकर्षक बनाउन महत्वपूर्ण भूमिका खेल्न सक्छ।

यसका अतिरिक्त, स्रोत व्यवस्थापन र संस्थागत क्षमता विकास पनि शिक्षा सुधारका महत्वपूर्ण आधारहरू हुन्। पर्याप्त बजेट विनियोजन, स्रोतहरूको पारदर्शी उपयोग, शैक्षिक संस्थाहरूको सुदृढीकरण र प्रशासनिक दक्षता बिना कुनै पनि सुधार दीर्घकालीन हुन सक्दैन।

त्यसैगरी, सरोकारवालाबिच समन्वय र सहकार्य अर्को महत्वपूर्ण पक्ष हो । शिक्षा सुधार केवल सरकारको जिम्मेवारी मात्र होइन, यसमा शिक्षक, विद्यार्थी, अभिभावक, स्थानीय समुदाय, निजी क्षेत्र र नीति निर्माता सबैको सक्रिय सहभागिता आवश्यक हुन्छ। समन्वयको अभावमा नीति र कार्यान्वयनबिच दूरी बढ्ने खतरा रहन्छ।

**निष्कर्ष**

राष्ट्रिय स्वतन्त्र पार्टीको राजनीतिक तथा शैक्षिक एजेन्डासँग शिक्षा प्रणालीका सबै आयामहरूलाई जोडेर हेर्दा नेपालमा शिक्षा रूपान्तरणको स्पष्ट सम्भावना देखिन्छ। यदि शिक्षा प्रणालीलाई सान्दर्भिक, स्थानीय स्रोतमा आधारित, समावेशी, गुणस्तरीय र रोजगारमुखी बनाउन सकियो भने यसले नेपालको समग्र विकासमा दीर्घकालीन सकारात्मक प्रभाव पार्नेछ । तर, यसका लागि केवल नीतिगत घोषणा होइन, प्रभावकारी कार्यान्वयन, निरन्तर अनुगमन र सुधारप्रति दृढ प्रतिबद्धता अपरिहार्य रहनेछ।

अन्ततः, राष्ट्रिय स्वतन्त्र पार्टी नेतृत्वको वर्तमान परिवेशले शिक्षा क्षेत्रमा रूपान्तरणको ऐतिहासिक अवसर प्रदान गरे पनि यसको सफल कार्यान्वयनका लागि राजनीतिक स्थायित्व, शिक्षक सशक्तीकरण, पेशागत गरिमा, सामाजिक-सांस्कृतिक रूपान्तरण, स्रोत व्यवस्थापन र समन्वित प्रयास जस्ता बहुआयामिक पक्षहरूलाई सन्तुलित रूपमा अघि बढाउनु अपरिहार्य देखिन्छ। यदि यी पक्षहरूलाई गम्भीरतापूर्वक सम्बोधन गर्न सकियो भने मात्र नेपालको शिक्षा प्रणालीलाई वास्तवमै सान्दर्भिक, गुणस्तरीय, समावेशी र रूपान्तरणमुखी बनाउने लक्ष्य हासिल गर्न सकिनेछ।

# नेप्से परिसूचकमा उच्च अङ्कको गिरावट



काठमाडौं। नयाँ सरकार गठन भएपछिको पहिलो कारोबार दिन आइतबार ७१ अङ्कले घटेको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सोमबार दोस्रो दिन पनि उच्च अङ्कको गिरावट देखिएको छ।

सोमबार नेप्से परिसूचक ४७ दशमलव ७१ अङ्कले घटेर दुई हजार ८३१ दशमलव ३९ को बिन्दुमा कायम भएको छ। यो एक दशमलव ६५ प्रतिशतको गिरावट हो। आज ३४१ कम्पनीको तीन करोड १६ लाख ६ हजार ७१७ कित्ता शेयर एक लाख ५९ हजार ३२८ पटक खरिदबिक्री हुँदा रु १२ अर्ब ९६ करोड ६६ लाख ५९ हजार १६८ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ।

कारोबारमा सबै समूहको उपसूचक घटेको छ। २३७ कम्पनीको शेयर मूल्य घट्दा २६ वटाको मात्र बढेको छ। रिलाइन्स स्पिनिङ मिल्स लिमिटेड, भुजुङ हाईड्रोपावर लिमिटेड, रिजलाईन इनर्जी लिमिटेड र होटल फरेस्ट इन लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। सबैभन्दा धेरै सोलु हाइड्रोपावर लिमिटेडको शेयर मूल्य सात दशमलव ७९ प्रतिशतले घटेको छ।

# रसिलो अंगुरका यस्ता फाइदा

हेर्द खाऊँ खाऊँ लाग्ने रसिलो अंगुरका धेरै फाइदा छन्। यो एक स्वादिष्ट, पौष्टिक अनि शरीरले सजिलै पचाउने फल हो। अंगुर हरियो, कालो, रातो र बैंजनी रङका पाइन्छ। अंगुर खानाले शरीरका विभिन्न समस्याहरुबाट छुटकारा दिलाउँछ।

कालो अंगुरको सेवनले रगतमा कोलेस्ट्रोल को निर्माण गर्न रोक्छ र मोटोपना बाहेक अन्य स्वास्थ समस्याबाट पनि बचाँउछ।

यसले शरीरमा बढी भएको युरिक एसिडको स्तर कम गर्छ जसले किड्नीमा भार बढ्दैन र किड्नी स्वस्थ हुन्छ।

क्यान्सरबाट बच्नको लागि कालो अंगुर फाइदाजनक छ। खासगरि छालाको क्यान्सरबाट बच्नको लागि यसको सेवन धेरै नै प्रभावकारी हुन्छ। अल्जाइमरको बिरामीहरुको लागि कालो अंगुर फाइदाजनक हुन्छ। यसमा रहेको रेसवेराट्रोल नामक तत्व अल्जाइमरबाट लड्नको लागि धेरै नै प्रभावकारी हुन्छ।

यसमा पाइने एन्टिअक्सिडेन्टले हार्ट अट्याक र हाई कोलेस्ट्रोल जस्ता समस्याहरुबाट लड्नमा मद्दत गर्छ।

अंगुर एउटा यस्तो फल हो जसलाई केटाकेटीदेखि वृद्ध समेतले खान मन पराउछन्। यो खादा गुलियो हुन्छ, तर यसमा चिनीको मात्र कम हुन्छ। अंगुर सेवन गर्नाले विभिन्न रोगबाट छुट्कारा पाइन्छ।



**यी समस्या छ भने अंगुर खानुहोस्**

क्यान्सर

अंगुरमा भएको पोलीफेनोलिक फाइटोकेमिकलले शरीरलाई क्यान्सरबाट मात्र नभई कोरोनरी मुटुरोग, नसारोग, बिर्सने रोग र फंगल संक्रमणबाट लड्ने क्षमता प्रदान गर्छ।

**रक्तस्राव**

शरीरको कुनै भागबाट धेरै रगत बग्यो भने अंगुरको जुस एक गिलास बनाएर २ चम्चा मह मिसाएर पिउनुस्। रगतको क्षतिपूर्ति हुन्छ।

**माइग्रेन**

माइग्रेन भएपछि टाउकोको आधी भागमा पीडा हुन थाल्छ। अंगुर खाएमा माइग्रेनको पीडा हराउँछ।

**रक्तअल्पता**

शरीरमा रगतको कमी हुन नदिनका लागि दिनदिनै खाली पेट अंगुर खादाँ राम्रो मानिन्छ।

**हृदयघात**

हृदयघात जस्तो गम्भीर रोगमा पनि अंगुर लाभदायक हुन्छ। यसले शरीरमा रगत जम्न दिँदैन जसका कारण मुटु ठीक अवस्थामा रहन्छ। तपाईं पनि मुटुरोगी हुनुहुन्छ भने अंगुरको रस पिउनुस्।

# बर्ड फ्लूको जोखिम देखिएपछि भारतीय सीमामा उच्च सर्तकता

नेपालगञ्ज। खुला सीमा रहेको बाँकेको नेपालगञ्जलगायत स्थानमा बर्ड फ्लूको जोखिम देखिएपछि यहाँ उच्च सर्तकता अपनाइएको छ।

जिल्लासँग जोडिएका नाकाबाट अवैध रूपमा भारतबाट ल्याउन लागिएका चल्ला दैनिकजसो नष्ट गरिएको पशु क्वारेन्टाइन कार्यालय, बाँकेका प्रमुख डा हरेराम यादवले जानकारी दिए। उनले यस क्षेत्रमा बर्ड फ्लू नदेखिएको उल्लेख गर्दै कुखुराका चल्ला र सेतो अण्डा ल्याउन रोक लगाइएको बताए।

उनले भने-“खुला सीमा क्षेत्रका कुखुराका चल्ला र अण्डा ल्याउँछन् तर प्रहरी देखेपछि छाडेर भाग्छन्।” सरकारले भारतबाट कुखुराका चल्ला वा सेतो अण्डा नेपाल ल्याउन प्रतिबन्ध लगाएको छ।

डा. यादवले आन्तरिक ढुवानीमा कडाइ र निगरानी गरिएको जानकारी दिँदै कुखुराको आयात निर्यातमा कडाइ गरिएको बताए। पशु क्वारेन्टाइन कार्यालयका अनुसार जिल्लामा करिब २० देखि २५ थान ब्रोइलर भारतीय कुखुरा दैनिक रूपमा नष्ट गरिएको छ।

उनले भने-“हामीलाई विभागबाट स्पष्ट निर्देशन आएको छ र हामी सचेत छौँ। तराईसँग खुला सीमा जोडिएका जिल्लामा बर्ड फ्लूको जोखिम देखिएको छ।” नियमित रूपमा कार्यालयबाट हुने जनचेतानमूलक कार्यक्रम भइरहेको डा. यादवको भनाइ छ।

भेटरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, नेपालगञ्जका वरिष्ठ पशु विकास अधिकृत डा. गणेशबहादुर पुनले चल्ला आयातमा उच्च सर्तकता अपनाएको जनाए। जिल्लामा सुइया, बगौँडा, खडैँचा, जमूनाह नाकालगायत विभिन्न क्षेत्र खुला सीमा नाका रहेका छन्।

## घोराही-लमही सडक विस्तार थालियो

घोराही। यहाँको घोराही-लमही सडकखण्ड फराकिलो बनाउने काम सुरुआत भएको छ। अहिले मोड र साँघुरो स्थानमा खुला गर्ने काम भइरहे पनि चारलेन सडककै रूपमा विकास भइरहेको हो। चालु आर्थिक वर्षमै सडक विस्तारको काम सक्नेगरी काम भइरहेको सडक डिभिजन कार्यालयका प्रमुख दीपेन्द्र विष्टले जानकारी दिएका छन्। यसअघि साँघुरो सडकका कारण धेरै सवारी दुर्घटना हुँदै आएका थिए। अब भने दुर्घटनाको जोखिम बढिरहेको समयमा सडक विस्तारसँगै मोड सुधारले यातायातका साधन सञ्चालनमा सहजता हुने अपेक्षा गरिएको छ।

लमही-घोराही सडकखण्डका जोखिमपूर्ण मोडहरू कटान गरेर गाडी सञ्चालन हुँदा दुवैतर्फको सडक देखिने सडक विस्तारको काम भइरहेको कार्यालय प्रमुख विष्टले बताए।

साँघुरा स्थानमा सडकको चौडाइ बढाउने र बढ्दो सवारी चापलाई व्यवस्थित बनाउँदै आवागमन सहज बनाउने उद्देश्यअनुसार माटो कटिङदेखि काट्न नमिल्ने ठाउँमा पर्खाल निर्माण गरेर सडक बढाउने काम भइरहेको छ। सडकलाई फराकिलो बनाउनेगरी विस्तारको काम भइरहेको जनाउँदै उनले भने-“लमही-घोराही सडकलाई खुला गर्नेगरी सडक विस्तारको काम भइरहेको छ।”


## Bardaghat Municipality
## Office of Municipal Executive
Bardaghat, Nawalparasi (Ba. Su.West)
Lumbini Province, Nepal

### Invitation for Bids

First Date of Publication: 2082/12/17 B.S. (31 March 2026)

Bardaghat Municipality, Office of the Municipal Executive Invites electronic bids from duly eligible and qualified registered bidders for the procurement of following works.Major qualifications criteria, name and Identification of the contracts are mentioned below through the details are in the bidding documents.

| SN | Contract ID No. | Description of works | Bid validity period / Bid security validity | Estimated Amount Without VAT & Contingencies (NRs) | Bid Security Amount (NRs) | Bid Document Fee (NRs) |
|---|---|---|---|---|---|---|
| 1 | BAR/NCB/Works/40/082/083 | Construction of the Incomplete Ward Office Building of Bardaghat Municipality Ward No.09 | 90/120days | 70,71,860.84 | 2,06,000 | 3,000 |

**Submission and Opening:**

| Contract ID No. | Pre-Bid Meeting | | Submission of Bid | | Opening of Bid | |
|---|---|---|---|---|---|---|
| | Date | Time | Date | Time | Date | Time |
| BAR/NCB/Works/40/082/083 | 7 April 2026 | 2:00 PM | 30 April 2026 | 12:00 PM | 30 April 2026 | 1:00 PM |
| Bank Name | Name of Office | | Bid Document Purchase fee | | Bid Security Deposit | |
| NIC ASIA Bank Ltd. Bardaghat, Nawalparasi | Bardaghat Municipality, Office of the Municipal Executive | | 0832050028211002 Antarik Rajaswo | | 8341498482524004 Dharauti Khata | |

1. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Bardaghat Municipality, Bardaghat, Nawalparasi, Website: www.bardaghatmun.gov.np, PPMO website: www.bolpatra.gov.np/egp Email Id: bardaghatmunicipality@gmail.com, Tel: 078-580210, 078-580407. Please notice that amendments (if any) will be published in www.bolpatra.gov.np/egp

**Chief Executive Officer**

## लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय नवलपरासी (ब.सु.प.)

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति : २०८२/१२/१७ गते)

यस कार्यालयबाट आ.व. २०८२/८३ मा नारायणघाट बुटवल सडक योजनाको क्षतिपुर्ति बृक्षरोपण कार्य अन्तर्गत फेन्सिङ कार्य सम्पन्न गर्न e- bidding प्रक्रियाबाट बोलपत्र आह्वान गरिकोमा निर्धारित समय भित्रमा रितपुर्बक दर्ता भएका बोलपत्रहरु मध्ये निम्न बोलपत्र न्युनतम मुल्याङ्कित सारभुतरुपमा प्रभावग्राही देखिएको हुँदा सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२), (३) र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जनकारीको लागि यो ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ।

**ठेक्का सम्बन्धी विवरण**

| सि. नं. | ठेक्का नं. | कामको विवरण | छनौट भएका बोलपत्रदाताको नाम, ठेगाना | कबोल अंक रु. (भ्याट र पि.एस.सहित) | कैफियत |
|---|---|---|---|---|---|
| १ | DFO-NAW/Works/NCB/2082-083/04 | Fencing Work in Compensation Plantation Areas, Nawalparasi (Ba.Su.pa) | Green Nepal Nirman Sewa, Lumbini Sanskritik– 01, Rupandehi | ९५,८७,८३२.८५ | |

**डिभिजन वन कार्यालय नवलपरासी (ब.सु.प.)**

## श्री गौतम बुद्ध आधारभूत विद्यालय
कञ्चन गा.पा. –२, मटेरिया, रुपन्देही

### कार्यालय सहयोगी आवश्यकता सम्बन्धमा।

प्रकाशित मिति : २०८२।१२।१७

कञ्चन गाउँपालिका रुपन्देहीको च.न. १२३१ मिति २०८२/१२/११ को कार्यालय सहयोगी पदपूर्तिको लागि प्राप्त विज्ञापनको अनुमति पत्रानुसार र यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८२/१२/१२ गते बसेको वि.व्य.स. बैठकको निर्णय अनुसार कार्यालय सहयोगी संघीय अनुदानमा रही पदपूर्ति गर्नुपर्ने भएकाले तपसिल बमोजिम शैक्षिक योग्यता भएका नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र दरखास्तको लागि आह्वान गरिन्छ।

**तपसिल :**

१ विज्ञापन नं. : ०१/२०८२/०८३
२ पद : कार्यालय सहयोगी ( संघीय अनुदान )
३ पद संख्या: १ जना
४ न्यूनतम शैक्षिक योग्यता : कक्षा आठ उत्तीर्ण
५ उमेर: १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
६ तलव स्केल : नेपाल सरकारको प्रचलित नियमानुसार
७ दरखास्त दिने अन्तिम मिति : २०८२/१२/३० गते कार्यालय समय ४:०० बजेसम्म
८ सम्पर्क मिति: २०८२/१२/३० गते ४:०० बजेपछि
९ परीक्षाको किसिम : लिखित र अन्तर्वार्ता
१० परीक्षा मिति : सम्पर्क मितिमा तोकिने छ।
११ दरखास्त दस्तुर : रु ७०० मात्र।
१२ **आवश्यक कागजातहरु :**
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि

नोट: दरखास्त दिने निवेदक स्वयम् उपस्थित हुनु पर्नेछ, म्याद नाघेको र रीत नपुगेको दरखास्त उपर कुनै कारवाही गरिने छैन।

**प्रधानाध्यापक**

## मध्यविन्दु नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
चोरमारा, नवलपरासी (बर्दघाट, सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

### नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) लिलाम बढाबढको सिलबन्दी बोलपत्र सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मिति: २०८२/०८/१९
दोस्रो पटक सूचना प्रकाशित मिति: २०८२/०९/२९
तेस्रो पटक सूचना प्रकाशित मिति: २०८२/१०/१८
चौथो पटक सूचना प्रकाशित मिति: २०८२/१२/१७

यस नगरपालिकाको क्षेत्रभित्र रहेको तपशिलमा उल्लिखित स्थानमा रहेको निम्न परिमाणको नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) नगर कार्यपालिकाको मिति २०८२/१२/०४ को निर्णय अनुसार लिलाम बढाबढ गर्ने प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकीएको न्यूनतम अंकमा नघट्ने गरी निम्न लिखित शर्तहरुको अधिनमा रहि ठेका नम्बर अनुसारको सिलबन्दी बोलपत्र फारम खरिद गरी रितपूर्वक बोलपच दरभाउपत्र पेश गर्न (७) दिने यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल:**

| क्र.सं. | सूचना/ ठेका नं. | ठेक्काको नाम | परिमाण घ.मि. | न्यूनतम अंक रु. (भ्याट बाहेक) | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|
| १ | ५/०८२/०८३ | नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) लिलाम बढाबढ रानीटार फ्रो.पू.को पश्चिम/उत्तरमा रहेको दुई खण्ड | १०२३८.०० | ३३,१२,५६७.०० | ३,०००/- |

**शर्तहरुः-**

१) सिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मिति २०८२/१२/१७ गते देखि ७ दिन (मिति २०८२/१२/२३ गते भित्र गत आर्थिक वर्षका लागि नविकरण भएको ईजाजत पत्र, आयकर तथा मु.अ.कर दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि संलग्न राखी लिखित निवेदन साथ माथि उल्लिखीत दस्तुर(पछि फिर्ता नहुने गरी) यस कार्यालयको राजश्व शाखामा जम्मा गरी सिलबन्दी बोलपत्र खरिद शाखाबाट खरिद गर्न सकिने छ।
२) सिलबन्दी बोलपत्र मिति २०८२/१२/२४ गते मध्यान्ह १२:०० बजे भित्र यस कार्यालय दर्ता गर्नुपर्नेछ। सिलबन्दी बोलपत्र पेश गर्दा शिलबन्दी गरी कार्यालयको नाम, ठेगाना, ठेक्का नम्बर र कामको विवरण तथा सिलबन्दी बोलपत्रवालाको नाम, ठेगाना स्पष्ट रुपमा खाम बाहिर उल्लेख गर्नुपर्ने छ। सिलबन्दी दरभाउपत्र खरिद तथा पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको पहिलो दिन सोही समयमा हुनेछ।
३) सिलबन्दी बोलपत्रसाथ आफुले कबोल गरेको अंकको ५ प्रतिशतले हुन आउने जमानत रकम यस कार्यालयको नेपाल बैंक लि. चोरमारा शाखामा धरौटी खाता नं. ३१८०३००००३००१००००१ मा जम्मा गरेको सक्कल बैंक भौचर पेश गर्नुपर्ने छ।
४) म्याद भित्र दर्ता भएका सिलबन्दी बोलपत्र दर्ता भएको अन्तिम दिनको २:०० बजे पछि कार्यालयका प्रतिनिधि वा निजको प्रतिनिधिको रोहबरमा यस कार्यालयमा खोलिने छ। म्याद नाधी आएका, कार्यालयबाट विकी नभएको सिलबन्दी बोलपत्र फारम भरी आएका सिलबन्दी बोलपत्रवालाको दस्तखत एवं छाप नभएका र प्रचलित कानूनको रित नपुगेको र शर्त राखी पेश भएको सिलबन्दी बोलपत्र उपर कुनै कारबाही हुने छैन। बोलपत्रवालाको प्रतिनिधि उपस्थित नभएमा पनि सिलवन्दी बोलपत्र खोल्न बाधा पर्ने छैन।
५) सिलबन्दी बोलपत्र स्वीकृत भएको सूचना प्राप्त भएकोले मितिले बाटो म्याद बाहेक ७ दिन भित्र आफुले कबोल गरेको अंकको एकमुष्ट रकम यस कार्यालयको नाममा रहेको नेपाल बैंक लि. चोरमारा शाखामा रहेको आन्तरिक राजश्व खाता नं. ३१८०३००००१००१००००१ मा जम्मा गरी सक्कल बैंक भौचर पेश गरी ठेक्का कबोलियत गर्न आउनु पर्नेछ।
६) विगत वर्षहरुमा ठेका लिई रकम बुझाउन बांकी रहेको व्यक्ति वा फर्महरुले बाँकी रकम चुक्ता नगरे सम्म र पेस्की बेरुजु बाँकी हुनेले फर्छौट नगरे सम्म सिलबन्दी बोलपत्र खरिद गर्न पाउने छैन।
७) कुनै कारणबस दर्ता भएकोन सिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।
८) यसमा उल्लेख भएको कुराहरु यस बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित नियमानुसार तथा सम्झौतामा उल्लेख गरिए बमोजिम हुनेछासाथै संघीय सरकार, प्रदेश सरकार र यस नगरपालिकाबाट समय समयमा गरिएको निर्देशनहरुको सिलबन्दी बोलपत्रवालाहरुले पालना गर्नु पर्नेछ।
९) यस सम्बन्धमा अन्य कुनै थप जानकारी आवश्यक भएमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क गर्न सकिने छ।

**प्रमुख प्रशासकीय अधिकृत**

## वालिङ बचत तथा ऋण सहकारी संस्था लि.को
### जग्गा (घडेरी) बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आह्वान १५ दिने सूचना

**दोस्रो पटक सूचना प्रकाशित मिति :** २०८२/१२/१७

यस संस्थाको नाममा दर्ता रहेको तपशिलमा उल्लेखित जग्गा जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलवन्दी बोलपत्रबाट बिक्री गरिने भएकाले न्यूनतम एकमुष्ट रकम रु. १,८२,८२,७५०।- (अक्षरेपि एक करोड वयासी लाख वयासी हजार सात सय पचास मात्र ) नघट्ने गरी खरिद गर्न इन्छुक शेयर सदस्य/अन्य व्यक्ति/ फर्म/संघ/ संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले १५ पन्ध्र दिन (उक्त दिन सार्वजनिक विदा परेमा तत् पश्चात लगतै कार्यालय खुलेको दिन ) भित्र तपशिलमा उल्लेखित जग्गा (घडेरी) खरिद गर्न चाहेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरी बोलपत्र दाता व्यक्ति भए नागरिकताको प्रमाणपत्रको प्रतिलिपि सर्म्पक विवरण र फर्म/ कम्पनी /संस्था भएमा दर्ता प्रमाणपत्र, कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, तथा संस्थागत प्रतिनिधित्वका लागि सञ्चालक समितिको निर्णय जस्ता आवश्यक अख्तियारी देखिने अद्यावधिक कागजातहरु सहित संस्थाको कार्यालयमा एकमुष्ट रकमको गोप्य शिलवन्दी वोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। प्राप्त वोलपत्र स्वीकृत गर्ने वा नगर्ने, सम्पूर्ण अधिकार संस्थामा निहित रहनेछ। बोलपत्र सम्वन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए वमोजिम हुनेछ ।

**तपशिल**

जग्गाधनीको नाम : वालिङ बचत तथा ऋण सहकारी संस्था लि.
बिक्री गरिने जग्गाको बिवरण -
गण्डकी प्रदेश, स्याङजा जिल्ला, वालिङ नगरपालिका वडा नं ८ स्थित-

| कित्ता नं | जग्गाको क्षेत्रफल |
|---|---|
| ३५४९ | ०-४-०-० |
| ३५४७ | ०-४-०-० |
| ३५४८ | ०-३-०-० |
| २२२५ | ०-५-२-० |
| | जम्मा क्षेत्रफल १-०-२-० |

**शर्तहरु**

१) निवेदन सुचना प्रकाशित मितीले १५ दिन भित्र यस कार्यालयमा आउनु पर्ने छ।
२) आवेदकहरुमध्येबाट बोलकवोलमा सबैभन्दा वढी रकम वोलकवोल गर्ने व्यक्तिले मात्र पाउने छ।
३) बोलपत्र अंक र अक्षरमा स्पष्ट लेखिएको हुनुपर्नेछ।
४) म्याद नाघी वा रीत नपुगी दर्ता भएको वोलपत्र उपर केही कारवाही हुनेछैन।
५) बोलपत्र रकम बराबर हुन आएमा संस्थाका शेयर सदस्यलाई प्राथमिकता दिइनेछ
६) आफूले कवोल गरेको रकमको १० प्रतिशत रकम धरौटी वापत गरिमा विकास बैकको वालिङ बचत तथा ऋण सहकारी संस्थाको खाता नं ००१००१०००००२१७००००००२ मा जम्मा गरेको भौचर गोप्य शिलवन्दीको साथमा राख्नुपर्नेछ।

**वालिङ बचत तथा ऋण सहकारी संस्था लि.**
वालिङ, स्याङ्जा

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्क:
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्र: लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्क:
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३



**केराको रेसाबाट सामग्री बनाउँदै:**
कैलालीको टीकापुर नगरपालिका-८ बनगाँउकी दिलकुमारी चौधरी केराको रेसाबाट टोपीलगायतका सामग्री बनाउँदै । वडामा रहेको धनसिंहपुर एकता बचत तथा ऋण सहकारी संस्थाले उनले तयार गरेका सामग्री खरिद गरेर बजारीकरण गर्दै आएको छ । तस्विरः झलनाथ खनाल / रासस

# आठौं राष्ट्रिय लनटेनिस प्रतियोगिता सुरु



बुटवल । रूपन्देही लनटेनिस संघको आयोजनामा सोमबारबाट बुटवलमा आठौं बुटवल राष्ट्रिय खुल्ला लनटेनिस तथा चौथो मेयरकप प्रतियोगिता-२०८२ सुरु भएको छ । बुटवल देवीनगरस्थित टेनिस कोर्टमा सोमबार भएको उद्घाटन खेलमा ५५ प्लस सिगलमा मनोज राणाले विष्णु चापागाईंलाई ६-१, ६-१ को सोझो सेटमा पराजित गरेका छन् । यसैगरी ५५ प्लसमा नै मछिन्द्र थापाले पदम गुरुङलाई ६-२, ६-२ को सोझो सेटमा पराजित गरेका छन् । ५५ प्लसकै अर्को खेलमा पदम गुरुङले गोपाल ज्ञवालीलाई ६-३, ३-६, १०-२ को सेटमा पराजित गरेका छन् ।

यसैगरी मेन्स सिगलमा बिबेक गर्बुजा वाकओभर पाउँदै दोस्रो चरणमा प्रवेश गरेका छन् । यसैगरी नेहाल जेबी थापाले विष्णु दिओलाई ६-०, ६-० को सेट, प्रनव खनालले विवेक कुँवरलाई ६-०, ६-० को सेट, आयुषमान एच घलेले सश्वात बज्राचार्यलाई ६-३, ६-३ को सेट तथा प्रनव मानन्धरले दर्शिल श्रेष्ठलाई ६-१, ६-१ को सेटमा पराजित गर्दै दोस्रो चरणमा प्रवेश गरेका छन् । यस्तै मेन्स डबल्सतर्फ सश्वात बज्राचार्य र दर्शिल श्रेष्ठको जोडीले सन्दिप बिक र विवेक गुरुङको जोडीलाई ६-२, ६-२ को सेटमा पराजित गर्दै दोस्रो चरणमा प्रवेश गरेका छन् । यसैगरी ३५ प्लस डबल्समा नबिन श्रेष्ठ र राज गुरुङको जोडीले जितेन्द्र एम र रोशन पिको जोडीलाई ६-०, ६-० को सेटमा पराजित गरेका छन् ।

त्यस्तै ४५ प्लसमा पुकार बस्नेतले प्रकाश बस्नेतलाई ७-५, ६-३ को सेटमा पराजित गरेका छन् । यसैगरी मनोज ढुंगानाले वाक ओभर पाएका छन् । अर्जुन गुरुङले मनोज नेपाललाई २-६, ६-१, १०-७ को सेट, राजन पौडेलले रामु बिकलाई ६-१, ६-१ को सेटमा पराजित गर्दै दोस्रो चरणमा प्रवेश गरेका छन् । यसैगरी ३५ प्लसमा मदन थापाले सागर थापालाई ६-०, ६-३ को सेट, अनिल सेन्चुरीले दिपक पौडेललाई ६-१, ६-१, कमल भण्डारीले कुमार तामाङलाई ६-१, ६-३ को सेटमा पराजित गर्दै दोस्रो चरणमा प्रवेश गरेका छन् ।

यसअघि प्रतियोगिताको एक समारोहकाबिच बुटवल उप-महानगरपालिकाका प्रमुख खेलराज पाण्डेले उद्घाटन गर्दै सरोकारवालाहरुको अगुवाइकै कारण नगर खेल पूर्वाधारमा अघि बढेको बताए । खेल क्षेत्रको विकासका लागि स्थानीय सरकारको प्रतिबद्धता जनाउँदै खेल क्षेत्रमा गरिएको लगानीको परिणाम देखिनुपर्ने उनले जनाए । खेल क्षेत्रको संवर्द्धन र संरक्षणका लागि खेल संस्थाहरुको महत्वपूर्ण भूमिका हुने बताउँदै उनले संघहरुमा देखिने विवाद र बैमनश्यताबाट खेल क्षेत्र धाराशाही हुने बताए ।

कार्यक्रममा नेपाल टेनिस संघका केन्द्रीय सदस्य अशोक गुरुङले नेपालमा लन टेनिस खेलको विकासका लागि ग्रासरुटबाट युवा खेलाडीको उत्पादनमा जोड दिनुपर्ने जनाए । उनले यस खेलमा नयाँ खेलाडीको कमी देखिएको अवस्थाप्रति गम्भीर बन्न सबैलाई आग्रह गरे ।

कार्यक्रममा संघका अध्यक्ष विष्णुप्रसाद चापागाईंले प्रतियोगिता आयोजनाबाट यस क्षेत्रमा लनटेनिस खेलको विकास प्रवर्द्धन तथा नयाँ युवा खेलाडीहरुका लागि रुचि बढाउने वातावरण सिर्जना हुने विश्वास व्यक्त गरे । सो अवसरमा नेपाल टेनिस संघका पूर्व अध्यक्ष मनोज राणाले रुपन्देही लनटेनिस संघलाई एक कार्टुन बल हस्तान्तरण गरे ।

बुटवल देवीनगरस्थित टेनिस कोर्टमा सञ्चालन भएको प्रतियोगितामा नेपाल र भारतका गरी पुरुष तथा महिला एकल र डबलमा १ सयभन्दा बढी खेलाडीहरुको सहभागिता रहेको छ । प्रतियोगितामा विभिन्न ११ विधामा प्रतिष्पर्धा गराइने संघका कोषाध्यक्ष डा. प्रकाश बस्नेतले बताए । एकलतर्फ पुरुष/महिला एकल, पुरुष ३५ प्लस, पुरुष ४५ प्लस, पुरुष ५५ प्लस, पुरुष ६५ प्लस गरी ६ विधा रहने छ भने डबल्सतर्फ पुरुष डबल्स, महिला डबल्स, पुरुष ३५ प्लस, पुरुष ४५ प्लस र पुरुष ५५ प्लस गरी पाँच विधा रहेका छन् । प्रतियोगितामा पुरुष/महिला एकलको विजेताले नगद ६०/६० हजार, उप-विजेताले नगद ३० हजार तथा तृतीय स्थान हासिल गर्ने खेलाडीले २० हजारसहित कप, मेडल, प्रमाणपत्रबाट पुरस्कृत गरिने संघका सचिव मनोज नेपालले बताए । यसैगरी पुरुष ३५ प्लस, पुरुष ४५ प्लस, पुरुष ५५ प्लस, पुरुष ६५ प्लसका विजेताले क्रमशः ४० हजार, ३५ हजार, २५ हजार र १५ हजार रुपैयाँ, उप-विजेताले २० हजार, २० हजार, १५ हजार र सात हजार पाँच सय रुपैयाँ, कप, मेडल, प्रमाणपत्र प्राप्त गर्ने छन् । प्रतियोगिता चैत्र २० गतेसम्म सञ्चालन हुने छ । प्रतियोगिताको सातौं संस्करणको पुरुष एकलतर्फको विजेता पोखराका प्रदीप खड्का हुन भने महिला एकलतर्फको विजेता काठमाडौंकी सुनीरा थापा हुन् ।

# रूपन्देही सुपरलिग आजदेखि २० क्लबको सहभागिता




भैरहवा । २४ वर्षदेखि निरन्तर हँदै आएको रुपन्देही सुपर लिग क्रिकेट प्रतियोगिता आज मंगलबारदेखि सुरु हुँदैछ । २०५४ सालदेखि निरन्तर जिल्लास्तरमा आयोजना हुँदै आएको नेपालकै एक मात्र सुपरलिगको २०८१ को संस्करण भैरहवास्थित सिद्धार्थ रंगशालामा हुने आयोजक रुपन्देही क्रिकेट संघले जानकारी दिएको छ ।

नेपालकै लिग चरणको ठूलो खेलको रुपमा लिइने यो प्रतियोगिताको बी डिभिजनका खेल मंसिर १२ गतेसम्म जारी रहनेछ । ए डिभिजनका ८ र बी डिभिजनका १२ गरी २० टिमको सहभागीता रहने प्रतियोगिता एकदिवसीय ५०-५० ओवर फर्मेटमा खेलाइने संघका अध्यक्ष हरि थापाले जानकारी दिए ।

पहिला बी डिभिजनका १२ टिमलाई समूहमा विभाजन गरी लिग खेलाइने र सोपश्चात् उत्कृष्ट २ हुने टीम ए डिभिजनमा बढुवा भई प्रतिस्पर्धा गर्ने संघका सचिव संजय गुरुङले बताए । ए डिभिजनका ८ टिम र बी डिभिजनबाट बढुवा भएर आएका २ टीम बीच २ समूहमा विभाजन गरी पुनः लिग खेलाइने छ । टिमले धेरै खेल खेल्न पाओस् भन्दै यस खेलको रुवरुप केही परिवर्तन गरी ३५ वटा प्रतियोगिता हुने सचिव गुरुङले जानकारी दिए ।

अहिले डिभिजन बी को खेल हुने र ए डिभिजनको खेल एनपीएल खेलपश्चात् हुनेछ । यही प्रतियोगितको योगदानले रुपन्देहीको टिम छनोट हुने गरेको छ । प्रतियोगितामा रुपन्देहीका सबै क्षेत्रका खेलाडीहरु सहभागी हुने स्वरुपले टिमको सहभागिता रहेको छ ।

प्रतियोगितामा बिजेताले १ लाख रुपैयाँ र ट्रफी तथा उप-बिजेताले ५० हजार र ट्रफी प्राप्त गर्नेछन् । प्रतियोगितामा म्यान अफ द सिरिजलाई १५ हजार रुपैयाँ, बेस्ट ब्याटर, बेस्ट बलर र उदयमान खेलाडीले जनही ५ हजार रुपैयाँ तथा प्रत्येक दिनका म्यान अफ द म्याचले १ हजार २ सय रुपैयाँ प्राप्त गर्ने कार्यक्रम संयोजक निरज प्रताप खाँणले जानकारी दिए ।

नेपालका जिल्लास्तरमा ५० ओभरको सुपरलिग रुपन्देहीमा मात्रै आयोजना हुन्छ । संघले विभिन्न संघसंस्थासँग सहकार्य गरी लामो समयदेखि यो प्रतियोगिता आयोजना गर्दै आएको छ । आयोजकका अनुसार प्रतियोगितामा ए डिभिजनतर्फ सहभागी टिममा वेस्टर्न क्रिकेट क्लब बुटवल, न्यू होराइजन क्रिकेट क्लब बुटवल, लुम्बिनी खुकुरी क्रिकेट क्लब, तिलोत्तमा क्रिकेट क्लब, मणिग्राम, एक्स्पर्ट जीआर बेलबास, तिरुपति क्रिकेट क्लब भैरहवा, मेलबर्न क्रिकेट क्लब भैरहवा, बुद्ध क्रिकेट क्लब भैरहवा रहेका छन् ।

बी डिभिजनबाट नेपथ्य ज्ञानोदय क्रिकेट क्लब नयाँमिल, शंकरनगर क्रिकेट क्लब, शंकरनगर, गोलपार्क क्रिकेट क्लब, बुटवल, बुटवल युथ क्रिकेट क्लब बुटवल, साई ग्लोबल एकेडेमी, भैरहवा, लुम्बिनी शाक्यान क्रिकेट क्लब लुम्बिनी, प्रोफेसनल मास्टर्स ११, भैरहवा, स्टार क्रिकेट क्लब पड्सरी, सैनामैना क्रिकेट क्लब, सैनामैना, बुटवल ११, बुटवल राइनोज, बुटवल, देवदह क्रिकेट युनिट देवदह छन् । प्रतियोगिता सम्पन्न गर्न करिब १५ लाख रुपैयाँ खर्च लाग्ने आयोजकको भनाइ छ ।

नेपाल पत्रकार महासंघको स्थापना दिवसः

# कर्पोरेट फुटसलको उपाधि : एनआइइएफ र इञ्जिनियर्स बिच




बुटवल । नेपाल पत्रकार महासंघको ७१औं स्थापना दिवसको अवसरमा रुपन्देही शाखाले फुटसल प्रतियोगिता आयोजना गरेको छ । बुटवल उप-महानगरपालिकाको संरक्षकत्व नेपाल पत्रकार महासंघ रुपन्देहीको आयोजनामा दोस्रो एफएनजे मिडिया कप तथा कर्पोरेट कप फुटसल प्रतियोगिता २०८२ गरिएको हो ।

कर्पोरेट कपको फाइनलमा एनआइइएफ र नेपाल इञ्जिनियर्स एशोसियसन प्रवेश गरेका छन् । सोमबार कर्पोरेट कपतर्फ भएको पहिलो सेमिफाइनलमा एनआइइएफले चार्टर एकाउन्टेन्ट एशोसियसनलाई ८-२ तथा दोस्रो सेमिफाइनलमा नेपाल इञ्जिनियर्स एशोसियसनले नेपाल शैक्षिक परामर्श संघ (इक्यान) रुपन्देहीलाई ७-० गोल अन्तरले पराजित गर्दै फाइनल भिडन्त पक्का गरेका हुन् ।

एक समारोहका बिच बुटवल उप-महानगरपालिकाका उप-प्रमुख सावित्रादेवि अर्यालले रेफ्रीलाई बल हस्तान्तरण गरी प्रतियोगिताको शुभारम्भ गर्दै खेलबाट भातृत्वको विकास हुने गरी महत्वपूर्ण प्रतियोगिता आयोजना भएको बताइन् । खेल मानव स्वास्थ्य र भातृत्व विकासमा सहयोग सिद्ध हुने उनको दाबी छ ।

कार्यक्रममा महासंघका अध्यक्ष दिनेश पाण्डेले खेलमार्फत् भातृत्व विकासको उदेश्यसहित रुपन्देही जिल्लामा रहेको संघसंस्थाहरु बिचमा प्रतियोगिता आयोजना गरिएको बताए । विगतबाट भएको राम्रा अभ्यासलाई निरन्तरता स्वरुप कार्यक्रम गरिएको उनको दाबी छ ।

प्रतियोगिताअन्तरगत कर्पोरेटतर्फ रुपन्देही जिल्लाका दुई दर्जन संघसंस्थाहरुले भाग लिएका छन् भने मिडिया कपमा आधा दर्जन टिमहरुले प्रतिस्पर्धा गरेका छन् । कर्पोरेट कपको विजेता टिमले नगद ३० हजार रुपैयाँ, शिल्ड, मेडल, प्रमाणपत्र तथा उपविजेताले नगद २० हजार रुपैयाँबाट पुरस्कृत गरिने खेल संयोजक सुमन श्रेष्ठले बताए । यसैगरी मिडिया कपको विजेता टिमले नगद २० हजार तथा उपविजेता टिमले नगद १० हजार रुपैयाँ, शिल्ड, मेडल, प्रमाणपत्र प्राप्त गर्ने उनले बताए ।

प्रतियोगिताअन्तरगत मिडिया कपका खेलहरु मंगलबार बिहानबाट सुरु हुने महासंघका सचिव सीपी खनालले बताए ।

# हाटबजार व्यवसायी संघमा पुनः पोखरेल




बुटवल । हाटबजार व्यवसायी संघ रुपन्देहीमा नयाँ नेतृत्व चयन भएको छ । संघको सोमबार सम्पन्न १०औं अधिवेशनबाट हुमाराम पोखेलको नेतृत्वमा २३ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मतरुपमा चयन भएको हो ।

पोखरेल यसअघिको कार्यसमितिमा पनि अध्यक्ष थिए । उपाध्यक्षमा रविलाल पाण्डे र डनुकान्त पोखरेल, महासचिवमा जयन्त घर्ती, सचिवमा इश्वरचन्द्र भट्टराई, सह-सचिवमा भुपनारायण श्रेष्ठ र कोषाध्यक्षमा यादवकुमार बेल्बासे निर्वाचित भएका छन् ।

यस्तै कार्यसमिति सदस्यहरुमा कृषितर्फ नवराज पाण्डे, रामबहादुर सार्की, विष्णुमाया जिसी, कोपिला सापकोटा निर्वाचित भएका छन् । यस्तै रेडिमेडतर्फबाट कार्यसमिति सदस्यहरुमा रेखा राना, गुणानिधी पोखरेल, गोविन्द खनाल, चेतबहादुर घर्ती, किशन शर्मा, कश्मिर मिया र श्यामलाल खनाल निर्वाचित भएका छन् ।

यस्तै पदेन कार्यसमिति सदस्यहरुमा तुल्सीराम शर्मा (सैनामैना), गिरीराज पन्थी (तिलोत्तमा), मणिराम भण्डारी (देवदह), शिवप्रसाद वानिया (सियारी/शुद्धोधन) र विकास पाण्डे (कञ्चन शाखा) रहेका छन् ।

रुपन्देहीमा १२२ स्थानमा हाटबजार सञ्चालन हुँदै आएका र करिब पाँच हजार व्यवसायी आबद्ध रहेका संघका सचिव इश्वरचन्द्र भट्टराईले जानकारी दिए ।

नयाँ कार्यसमितिले अझै पनि थुप्रै हाटबजारहरुमा व्यवसायीहरु खुल्ला आकाशमुनि व्यवसाय गर्न बाध्य भएका र खानेपानी, शौचालय, विद्युत जस्ता आधारभूत आवश्यकताको पर्याप्त र उचित व्यवस्था हुन नसकेकाले यी समस्या समाधानमा केन्द्रीत भएर काम गर्ने सचिव भट्टराईले बताए ।


## गोलिया काठ बोलपत्रद्धारा लिलाम विक्रिको सुचना

(प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/१२/१७

श्री जनउदय सामुदायिक वन उपभोक्ता समूह सुनवल-३, नवलपरासीको वनबाट उत्पादन भई समूहको घाटगद्दीमा लट बनाई राखिएको साल जातको जम्मा गोलिया थान १९४ को १४३.०५ घनफिट, असाना जातको जम्मा गोलिया थान ८१ को ८८७.९२ घनफिट काठ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी गोप्य शिलवन्दी लिलाम बढाबढ प्रकृया द्वारा विक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिन कार्यालय समय भित्र शिलबन्दि बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यसं सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री जनउदय सामुदायिक वन उपभोक्ता समूह**
सुनवल न.पा. वडा नं. ३, नवलपरासी (ब.सु.प.)



Lumbini Province Government
Ministry of Urban Development and Water Supply
Water Supply and Sanitation Office
Rupandehi

## INVITATION FOR SEALED QUOTATIONS

Date of Publication:2082/12/17

The Water Supply and Sanitation Office, Rupandehi, invites Sealed Quotations (SQ)from eligible bidders for the procurement of the following works. Bidders can only submit their bids electronically through the e-procurement section of PPMO's website with payment of NRs 1000 (Non-Refundable) as the price of the bid document by 12 PM, 2083/01/02 BS.

| S.N. | IFB No. | Description of Works | Estimate Amount | Bid Security |
|---|---|---|---|---|
| 1. | WSSOR/ 07/82/83 | Drilling and Installation 200*200 mm diameter Deep tubewell by Rig Machine (160m deep) DTH Method in fulbari park | NRS 1,440,839.75 (Excluding VAT and PS) | NRs. 35,000 |

Please visit the official website of PPMO, www.bolpatra.gov.np, for bid documents and more details, or contact the Water Supply and Sanitation Office, Rupandehi(wssrupandehi.lumbini.gov.np), during office hours.

**Office Chief**



## टुगा आस्था विकास बचत तथा ऋण सहकारी संस्था लि.
केन्द्रीय कार्यालय : ओमसतिया-१, रुपन्देही

नेफस्कून

## ऋण बुझाउन ल्याउने ३५ दिने सूचना ।

मिति : २०८२।१२।१७

यस संस्थाबाट विभिन्न उद्देश्यमा ऋण लिएका तपसीलका ऋणी सदस्यहरुले संस्थासंग गरेको ऋण लेनदेन सम्झौताको कागज वमोजिम पटक पटक ताकेता पत्र पठाउँदा समेत समय भित्र ऋणको निम्नानुसार साँवा, व्याज र हर्जाना रकम बुझाउँन ल्याउने मितिसम्मको व्याज तथा हर्जाना समेत हिसाव गरी ३५ दिनभित्र ऋण बुझाउँन अन्तिम पटक यो ताकेता सार्वजनिक सूचना प्रकाशन गरिएको छ । अटेरी गरी ऋण साँवा सो मा लाग्ने संस्थाको नियमानुसारको व्याज र बिलम्व हर्जाना बुझाउन नल्याएमा संस्थाको विनियम, प्रचलित सहकारी ऐन, प्रचलित सहकारी नियमावली तथा संस्थाको ऋण लगानी तथा असुली निति वमोजिम धितो राखेको जायजेथा तथा जमानी वापतको जेथा लिलाम बढवढ गरी तथा धन जमानी र ऋणीको वचत रकम कट्टागरी असूल उपर गरिने व्यहोरा सूचनाद्वारा जानकारी गराईन्छ ।

**तपसील**

| क्र.सं | नाम, थर | ठेगाना | बावु/पतिको नाम | बाजे/ससुराको नाम | ऋणको उद्देश्य | फोटो |
|---|---|---|---|---|---|---|
| १ | शोभा मल्लाह | तिलोत्तमा-१७, दर्खसवा | चेतराम मल्लाह | सत्य नारायण मल्लाह | कृषि |  |
| | साँवा रु.११,१७,४००। | ब्याज रु.१,८१,५७८। | हर्जना रु.८७९। | जम्मा रु.१२,९९,८५७। | ऋण लिएको मिति :२०७९।०३।२९ | धितो विवरण :साविक गंगोलिया गा.वि.स. वडा नं. ५।ख कित्ता नं. ४९८ क्षेत्रफल : २२८।५८ व.मि |
| २ | चिनक थारु | तिलोत्तमा-१५, कोटिहवा | भिखु थारु | चन्नुलाल थारु | सामाजिक |  |
| | साँवा रु. ७,४२,६९१। | ब्याज रु.१,४३,४९०। | हर्जनारु.१,७७५। | जम्मा रु.८,८७,९५६। | ऋण लिएको मिति :२०८०।०५।१८ | धितो विवरण :साविक मधवलिया गा.वि.स. वडा नं. ४।ख कित्ता नं. ३९, ३६ क्रमश क्षेत्रफल : २७।६८,व.मि.१५३।४४ व.मि. |
| ३ | सनम कुमार बराल | तिलोत्तमा-१५, मधवलिया | पदम बहादुर बराल | पुर्ण बहादुर बराल | घरजग्गा |  |
| | साँवा रु.७,१६,९४७। | ब्याज रु.३,५५,९२५। | हर्जना रु.२७,३८३। | जम्मा रु.११,००,२५५. | ऋण लिएको मिति :२०७६।०२।०५ | धितो विवरण:साविक पड्सरी गा.वि.स. वडा नं. ९।क, कित्ता नं. : ८७९, १४७३ क्रमश क्षेत्रफल : ०-४-४, ०-५-६ |


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com